नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ६२५ मिति :- २०७१/५/२४

इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- **केडिट कार्ड/प्रिपेड कार्ड/डेविट कार्ड जारी गर्ने व्यबस्था सम्बन्धी व्यवस्था वारे ।**

महाशय,

बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना ग्राहकहरुलाई निम्न शर्तहरूको अधीनमा रही परिवर्त्य विदेशी मुद्राको **केडिट कार्ड/प्रिपेड कार्ड/डेविट कार्ड** जारी गर्न सक्ने तथा कार्डमा कारोवार गर्दा देहायको प्रकृया अपनाउनु पर्ने व्यबस्था गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

## १. क्रेडिट कार्ड पाउन ग्राह्य व्यक्तिहरू :

क्रेडिट कार्ड जारी गर्ने सम्बन्धित बैंक/वित्तीय संस्थाहरूले आ-आफ्नो निर्धारित प्रक्रिया पुरा गरी क्रेडिट कार्ड पाउन आवेदन दिएका निवेदकहरूलाई क्रेडिट कार्ड दिन सक्नेछन् । यस्ता व्यक्तिहरू नेपाली नागरिकहरू तथा परिवर्त्य विदेशी मुद्रा खाता भएका विदेशी नागरिकहरू दुवै हुन सक्नेछन् । यसरी जारी हुने क्रेडिट कार्डहरूको म्याद, खर्चको सीमा आदि शर्तनामाहरू कार्ड जारी गर्ने सम्बन्धित बैंक/वित्तीय संस्था आफैले तोक्न सक्नेछन् ।

## २. क्रेडिट कार्ड अन्तर्गत भएको खर्चको हिसाव मिलान :

क्रेडिट कार्ड अन्तर्गत भएको खर्चको हिसाव मिलान निम्न प्रक्रियाबाट गर्नुपर्नेछ ।

(क) यो व्यवस्था क्रेडिट कार्ड र डेबिट कार्ड दुवैमा लागु हुनेछ ।

(ख) प्रचलित व्यबस्था बमोजिम विदेशी मुद्रामा खाता खोलेका व्यक्तिले डेबिट कार्ड वा क्रेडिट कार्ड प्राप्त गर्न सक्नेछन् ।

(ग) आफूले पाउने सटही सुविधा वापतको बिदेशी मुद्रा नगद वा यात्रु चेकको रुपमा नलिइकन कार्ड होल्डरले क्रेडिट कार्डको माध्यमवाट उपयोग गर्न चाहेमा त्यस्तो कारोवार गर्न सकिने छ ।

(घ) सम्वन्धित बैंक/वित्तीय संस्थाहरूले चाहेमा प्रचलित व्यबस्थाहरू अन्तर्गत रही पछि परिवर्त्य बिदेशी मुद्रामा नै हिसाव मिलान गर्नु पर्ने सर्तमा अमेरिकी डलर १०,०००.०० (डलर दशहजार) सम्म खर्च गर्न सकिने गरी क्रेडिट कार्ड जारी गर्न सकिने छ ।

(ङ) निर्यात तथा पर्यटन क्षेत्रबाट परिवर्त्य विदेशी मुद्रा आर्जन गरी प्रचलित व्यवस्था अनुसार नेपालको बैंक/वित्तीय संस्थामा परिवर्त्य विदेशी मुद्राको आर्जन खाता खोलेका निकायहरूले आ-आफ्ना पदाधिकारीहरूलाई त्यस्तो खाताबाट खर्च हुने गरी क्रेडिट कार्ड उपलब्ध गराएका केसहरूको हकमा

त्यस्तो खाताबाट खर्चको हिसाव मिलान गर्नुपर्नेछ । यसरी खर्च गर्दा खर्चको सीमाको हकमा प्रचलित व्यवस्था अन्तर्गत रही गर्नुपर्नेछ ।

(च) परिवर्त्य विदेशी मुद्रा खाता नभएका नेपाली नागरिकहरूको हकमा क्रेडिट कार्ड अन्तर्गत भएको खर्चको हिसाव मिलान कार्ड होल्डरसँग परिवर्त्य विदेशी मुद्रामा नै गर्नुपर्नेछ । यसरी हिसाव मिलान गर्दा भ्रमणको लागि निजले सटही गर्ने रकम (राहदानी सुविधा अनुसार) ननाघेको यकिन गर्नुपर्नेछ ।

(छ) कुनै व्यक्तिले भ्रमणको प्रयोजनको लागि नेपाल राष्ट्र बैंकबाट सटही अनुमति पत्र प्राप्त गरेको छ र त्यस्तो व्यक्तिले सो अनुमति पत्रबाट पूर्ण रुपमा सटही नगरेको भए त्यस्तो बाँकी रकमबाट पनि क्रेडिट कार्डको हिसाव मिलान गर्न सकिनेछ ।

(ज) बैक तथा वित्तीय संस्थाहरुवाट जारी भएका डेविट र क्रेडिट कार्ड होल्डरहरुले नेपाल भित्रै वसी नेपालमै उपभोग गर्ने उद्धेश्यले वार्षिक २,००० अमेरिकी डलरसम्म नेपालको प्रचलित कानूनवाट प्रतिवन्ध नलगाइएका विदेशी वस्तु वा सेवा Online मार्फत् विदेशवाट खरीद गर्न सक्ने छन् ।

(झ) क्रेडिट कार्डबाट खर्च गर्दा पूँजी खाता अन्तर्गत पर्ने कारोवारको लागि खर्च गर्न पाइने छैन ।

(ञ) नेपाली नागरिकहरूलाई क्रेडिट कार्ड उपलब्ध गराउनु अघि प्रत्येक निवेदकलाई माथि उल्लिखित शर्तहरू पालना गर्नेछु र कथंकदाचित् उल्लिखित शर्तहरू उलङ्घन हुन गएमा विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) वमोजिम कारवाही हुन मञ्जूर छ भन्ने व्यहोराको कागजात गराउनुपर्नेछ ।

(ट) क्रेडिट कार्डको भुक्तानी हिसाव मिलान गर्ने प्रकियामा कुनै कार्ड होल्डरको तर्फबाट माथि उल्लेखित व्यवस्थाहरू अनुरुप हिसाव मिलान हुन नसक्ने गरी खर्च भएको पाइएमा सो सम्बन्धी सम्पूर्ण विवरणहरू अनिवार्य रुपले यस बैंकलाई जानकारी दिनु पर्नेछ । यसवारे यस बैंकबाट आदेश नदिएसम्म त्यस्तो हिसाव मिलान Freeze गरी राख्नु पर्नेछ ।

## ३. क्रेडिट कार्डको कारोवार गर्दा अपनाउनु पर्ने प्रक्रियाका सम्बन्धमाः

(क) परिवर्त्य विदेशी मुद्राका क्रेडिट कार्डहरूबाट भुक्तानी स्वीकार गर्ने सबै एजेन्ट/स्थानीय Merchants ले क्रेडिट कार्डबाट भुक्तानी लिंदा बनाउनुपर्ने चार्जेज स्लिप (Charges Slip) प्रचलित विनिमय दर अनुसार नेपाली रुपैयाँमा वा परिवर्त्य विदेशी मुद्रामा हुनुपर्नेछ ।

(ख) नेपालमा क्रेडिट कार्डबाट स्वीकार गरिएका विभिन्न भुक्तानीहरूको पुनः भुक्तानी पूर्ववत् क्रेडिट कार्डका Members/Representatives/Sole Agents ले विदेशस्थित आ- आफ्ना प्रिन्सीपलहरूबाट टेलेक्स ट्रान्सफरको माध्यमद्वारा परिवर्त्य विदेशी मुद्रामा मात्र प्राप्त गर्नुपर्नेछ । यसरी प्राप्त भएको परिवर्त्य विदेशी मुद्रा रकमबाट निजहरूले आ- आफ्ना Merchantsलाई विदेशी मुद्रामा पनि भुक्तानी गर्नसक्ने छन् । यसरी परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्दा भुक्तानी पाउने पक्ष प्रचलित व्यवस्था अनुसार विदेशी मुद्रामा खाता खोल्न ग्राह्य व्यक्ति हुनुपर्नेछ र त्यस्तो भुक्तानी बैंक ट्रान्सफर वा Negotiable Only in Nepal भनी स्पष्ट व्यहोरा उल्लेख भएको एकाउण्ट-पेयी चेकको माध्यमद्वारा मात्र प्रदान गर्नुपर्नेछ ।

(ग) यस बैंकबाट स्वीकृति प्राप्त गरे वमोजिम क्रेडिट कार्डको बदलामा विदेशी मुद्राका यात्रु चेक विक्री गरेको भए सो को शोधभर्ना (Reimbursement) पनि परिवर्त्य विदेशी मुद्रामै लिनुपर्ने छ

## ४. परिवर्त्य विदेशी मुद्रामा प्रिपेड कार्ड/डेविट कार्ड जारी गर्ने सम्वन्धमा

विदेश (भारत वाहेक) भ्रमणमा जाने व्यक्तिहरुलाई आवश्यक पर्ने विदेशी मुद्रा सटही सुविधाका लागि इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले प्रचलित व्यबस्थाले तोकेको नगद वाहेकको रकम प्रिपेड कार्ड/डेविट कार्ड मार्फत सटही दिने व्यबस्था मिलाउनु पर्नेछ तथा यस प्रयोजनका लागि कार्ड जारी गर्ने बैंकहरुले कार्ड जारी गर्दा राहदानी, हवाई टिकट र भिसा समेतलाई आधार मानी राहदानीमा "कार्डमा राखिएको रकम तथा केही मात्रामा नगदै दिएको भए सो समेतको" छाप लगाई राहदानीको फोटोकपी राखी तत्कालै प्रिपेड कार्ड जारी गर्ने व्यबस्था गर्नु पर्नेछ ।

यस बैंकबाट मिति २०६३/१२/११ मा जारी इ.प्रा.परिपत्र संख्याः ४१९, मिति २०७०/६/३ मा जारी इ.प्रा. परिपत्र संख्याः ६०० र ६०१, खारेज गरिएको छ । खारेज गरिएका परिपत्रबाट भए गरेका काम कारवाहीहरु यसै परिपत्र बमोजिम भए गरेको मानिने छ ।

भवदीय,

(भिष्मराज ढुंगाना)
का.मु.कार्यकारी निर्देशक

बोधार्थः
१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यबस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वर, काठमाण्डौ ।
५ श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
७ श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण बिभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलन मार्ग, टेकु ।
११. श्री नेपाल उद्योग परिसंघ, मिलन मार्ग, टेकु ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एशोसियसन, पो.व.नं. २१०२६, अनामनगर, काठमाण्डौ ।